का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ असार २०८१,
बिहीबार
27 June 2024,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १३५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# हदबन्दी छुटको जग्गा बेच्ने प्रपञ्च

सम्बन्धित ऐनमा छुट्टै संशोधन नल्याएर लगानी सम्मेलनको नाममा ल्याइएको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयकमार्फत हदबन्दी छुटको जग्गा बेच्नेगरी कानून बनाउने प्रयास गरिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ असार ।



लगानी सहजीकरण सम्बन्धी विधेयक मार्फत् सरकारले हदबन्दी छुटको जग्गा बेच्न दिने प्रस्ताव गरेको छ । सम्बन्धित ऐनमा छुट्टै संशोधन नल्याएर सरकारले लगानी सम्मेलनको नाममा ल्याइएको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयकमार्फत् हदबन्दी छुटको जग्गा बेच्नेगरी कानून बनाउने प्रयास गरेको हो ।

लगानी आकर्षित गर्न नीतिगत सुधार गर्ने उदेश्यका साथ आएको प्रतिस्थापन विधेयकले जग्गा प्राप्ती गर्ने विषयमा विभिन्न ऐनहरु संशोधन गर्ने प्रस्ताव छ । जसमा औद्योगिक ऐन २०७६, भूमि सम्बन्धी ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, जग्गा प्राप्त ऐन २०३४, विशेष आीर्थक क्षेत्र ऐन २०७३, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र वन ऐन २०७६ मा संशोधन प्रस्तावहरु रहेका छन् ।

लगानी सम्मेलन भनेर ल्याइएको अध्यादेश र हालको प्रतिस्थापन विधेयकमा हदबन्दी भन्दा बढीको जग्गा एक पटकको लागि बिक्री गर्न पाउने व्यवस्था गरेको छ । भूमि सम्बन्धी ऐनको दफा १२ मा थप

> लगानी सम्मेलन भनेर ल्याइएको अध्यादेश र हालको प्रतिस्थापन विधेयकमा हदबन्दीभन्दा बढीको जग्गा एक पटकका लागि बिक्री गर्न पाउने व्यवस्था छ । भूमि सम्बन्धी ऐनको दफा १२ मा थप व्यवस्था गरेर यस्तो प्रावधान राख्ने भनिएको छ ।

व्यवस्था गरेर यस्तो प्रावधान राख्ने भनिएको छ ।

जहाँ भनिएको छ, 'नेपाल सरकारद्वारा जारी सुचित आदेश बमोजिम स्वीकृति लिई हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न अनुमतिप्राप्त सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान प्रमतष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुन सक्ने भएमा बैंक तथा वित्तीय संस्थाको ऋृण परफारक र दायित्व भुक्तानी गर्नका लागि खरिद गरेको दफा ७ बमोजिमको हदभित्रको जग्गा मन्त्रालयले तोकेको शर्तको अधिनमा रही मन्त्रालयको स्वीकृतिमा एक पटकका लागि बिक्री वितरण गर्न बाधा पर्ने छैन ।'

भूमि सम्बन्धी ऐनमा पहाडमा व्यक्ति/संस्थाले अधिकतम् ७५ रोपनी, उपत्यकामा २५ रोपनी र तराईमा १० बिघासम्म जग्गा राख्न पाउने व्यवस्था छ । तर सरकारले उद्योग, कम्पनी, प्रतिष्ठान वा संस्थालाई प्रयोजन खुलाएर जग्गामा हदबन्दी छुट दिन सक्छ । भूमि व्यवस्था मन्त्रालयका अनुसार प्रचलित ऐन पृष्ठ २ मा

# लुम्बिनीमा जथाभाबी संरचना निर्माण

> लुम्बिनी क्षेत्रमा जथाभाबी संरचनाहरु निर्माण भएपछि सार्वजनिकरुपमा प्रश्न उठेको छ । यही बेला यूनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत विश्व प्रसिद्ध लुम्बिनी क्षेत्रलाई खतराको सूचीमा राख्ने चेतावनी दिएको छ ।



**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, १२ असार

विश्व सम्पदा सूचीमा सूचीकृत विश्व प्रसिद्ध लुम्बिनी क्षेत्रमा जथाभावी संरचनाहरु निर्माण भएपछि यो विषयमा सार्वजनिक रुपमा प्रश्न उठेको छ । यहीबेला संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (यूनेस्को) ले विश्व सम्पदा सूचीमा सूचीकृत विश्व प्रसिद्ध लुम्बिनी क्षेत्रलाई खतराको सूचीमा राख्ने चेतावनी दिएको छ ।

विश्व सम्पदा समितिको जुलाई २१ देखि ३१ सम्म भारतको नयाँ दिल्लीमा हुने बैठकमा लुम्बिनी क्षेत्रलाई खतराको सूचीमा राख्ने संकेत पाएसँगै त्यसलाई रोक्न नेपालले युनेस्कोसँग आन्तरिक छलफल गरिरहेको छ ।

दुई वर्षअघि बसेको ज्वाइन्ट रिएक्टिभ मोनिटरिङ मिसन २०२२ र गत वर्ष सम्पन्न विश्व सम्पदा समितिको ४५ औं सेसनमा भएको निर्णयअनुसार सुधार नआएको कारण युनेस्कोले आगामी जुलाईमा हुने ४६औं सेसनमा खतराको सूचीमा राख्ने तयारी गरेको हो ।

लुम्बिनी क्षेत्र विकास कोषले कार्ययोजना र सरकारको निर्देशनविपरीत मनपरी रूपमा संरचना निर्माण नरोकेको कारण लुम्बिनी क्षेत्रलाई खतराको सूचीमा राख्ने सम्भावना बढेको हो ।

उच्चस्रोतका अनुसार युनेस्कोले दिएको पछिल्लो प्रतिवेदनमा लुम्बिनी क्षेत्र विकास कोषले निरन्तर रूपमा विश्व सम्पदा क्षेत्रमा निर्माण नरोकेको कारण खतराको सुचीमा राख्न लागिएको उल्लेख छ । कोषले हालै निर्माण गरेका र निर्माणाधीन रहेका बत्ती बाल्ने घर, मेडिटेसन प्लेटफर्म र ५ नं. गेटसँगैको संरचनालाई खतराको प्रमुख कारणको रूपमा विश्लेषण गरिएको छ ।

यूनेस्कोले विश्व सम्पदा स्थलमा रहेका पुरातात्विक भग्नावशेषहरूमा देखिएको क्षयीकरण र सम्पदा क्षेत्रमा हुँदै आएको नयाँ विकास निर्माण रोक्नुपर्ने आवश्यक्ता औंल्याउँदै आएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय र त्यस मातहतमा रहेको पुरातत्व विभागलाई जानकारी नदिई स्वीकृति प्रक्रियामा पनि नलगिकनै युनेस्कोको नियमविपरीत धमाधम निर्माण कार्य भएकोले लुम्बिनी क्षेत्र खतराको सूचीमा तयारी अघि बढेको हो ।

उच्च स्रोतका अनुसार लुम्बिनीमा पछिल्लो चरणमा निर्माण भएका सबै संरचनाको सम्पदा प्रभाव मूल्याङकन नभएको र विश्व सम्पदा क्षेत्रमा मनोमानी रूपमा उत्खनन् गरेको युनेस्कोको भनाइ छ ।

कोषका सदस्यसचिव लारक्याल लामाले निर्माण गरिएका बुद्धिस्ट मेडिटेसन हल, बत्ती बाल्नेक्षेत्रलगायतका संरचना निर्माण गर्दा कुनै पनि सरोकारवाला निकायसँग छलफल नगरेको पाइएको छ । यूनेस्कोको निर्देशनसमेत बेवास्ता गर्दै ग्रेटर लुम्बिनी र एक्सन प्लानविपरीत विना कार्यविधि नयाँ संरचना निर्माण गरेको कारण यूनेस्कोले लुम्बिनी क्षेत्रलाई पृष्ठ २ मा



# प्रकोपमा परी एकैदिन १४ जनाको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार ।

बाढी, पहिरो र चट्याङ लगायतका प्रकोपमा परी एकैदिन १४ जनाको मृत्यु भएको छ ।

पछिल्लो २४ घण्टामा देशभर बाढी, पहिरो र चट्याङबाट १४ जनाको मृत्यु भएको हो । पहिरोबाट ८ जना, चट्याङबाट ४ जना र बाढीले बगाएर दुई जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

अविरल वर्षाका कारण लमजुङ, कैलाली, विराटनगर, कास्की, कपिलवस्तु, तनहुँ र ओखलढुंगामा १८ जना घाइते भएका छन् ।

लमजुङको दोर्दी गाउँपालिका-९ मा पहिरोका कारण घर भत्किँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा १६ वर्षीय विकल सुनार छन् । पहिरोमा परेर १८ वर्षीय मिलन सुनार घाइते भए ।

यस्तै लमजुङकै क्व्होलासोथार गाउँपालिका-३ मा पहिरोमा परेर ६९ वर्षीय रुद्रमान गुरुङसहित ४ जनाको मृत्यु भएको छ । बगुमस्थित पच्युटोलमा पहिरो जाँदा ३६ वर्षीय पञ्चकुमारी गुरुङ, उनकी पाँच वर्षीय छोरी नम्रता र ७ वर्षीय इच्छा गुरुङको मृत्यु भएको छ ।

यस्तै स्याङ्जाको पुतलीबजार नगरपालिका-१४ मा आँधीखोलाले बगाउँदा ३५ वर्षीय युवकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी (डीएसपी) इन्द्र बहादुर रानाका अनुसार मृत्यु हुनेमा सूर्य भण्डारी छन् । उनको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल स्याङ्जामा राखिएको छ ।

कैलालीमा चट्याङबाट दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा जोशीपुर गाउँपालिका-३ भितरिया बस्ने ३१ वर्षीय जयराम डगौरा र धनगढी उपमहानगरपालिका-१८ बस्ने २७ वर्षीय शालिम चौधरी छन् । खेतमा काम गर्दा चट्याङ परेर घाइते भएका उनीहरूको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कैलालीका डीएसपी कविन्द्र सिंह बोहराले जानकारी दिए ।

कैलालीमा चट्याङ पर्दा ६ जना घाइते भएका छन् । घाइते हुनेमा जानकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# इजरायलका लागि आवेदन दिन कम्तीमा १४ महिना अवधिको पासपोर्ट चाहिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार

इजरायलमा वृद्धवृद्धालाई स्याहार गर्ने दीर्घकालीन स्याहार केन्द्र केयरगिभरको रोजगारीका लागि अन्य योग्यताका अतिरिक्त न्यूनतम १४ महिना अवधि भएको राहदानी चाहिने भएको छ । सामेबारदेखि जीटुजीअन्तर्गत इजरायलको केयर गिभरको रोजगारीका लागि दरखास्त आह्वान गरेको वैदेशिक रोजगार विभागले यसअघिको सूचनाले अन्योल सिर्जना गरेको भन्दै न्यूनतम १४ महिना अवधि भएको राहदानी निवेदनका साथ अपलोड गर्नुपर्ने बताएको छ । यसअघि गत वर्ष साउनमा प्रकाशित सूचनामा पासपोर्टको उक्त अवधि कम्तीमा ३ वर्ष हुनुपर्ने उल्लेख थियो ।

विभागले नेपाली कामदारको आकर्षक श्रम गन्तव्य मुलुक इजरायलबाट ८ सय नेपाली कामदारको माग आएको सूचना सोमबार प्रकाशित गरेको थियो । सूचनाअनुसार सोमबारदेखि तीन हप्ताभित्र अनलाइन आवेदन गर्नुपर्नेछ ।

२५ वर्ष पूरा भइ ४५ वर्ष ननाघेका, १.५ मिटर उचाइ, कम्तीमा ४५ केजी तौल भएका, १० कक्षा पास गरी अ.न.मी. वा सि.एम.ए. सम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा कक्षा १२ वा सो सरहको शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङसम्बन्धी कम्तीमा ३ महिनाको तालिम प्राप्त गरेका युवायुवती आवेदनका लागि योग्य मानिएका छन् ।

यसपटक ५ सय जना मुख्य उम्मेदवार र ३ सय जना वैकल्पिक उम्मेदवार छनोट हुनेछन् । ८ सयमध्ये ६० प्रतिशत अर्थात ४ सय ८० महिला र ४० प्रतिशत अर्थात ३ सय २० जना पुरूष छनोट हुनेछन् । इजरायलमा नेपाली केयर गिभरको तलब २ लाख १० हजार रुपैयाँ छ भने करार अवधि १ वर्षको भए पनि करार अवधि थपेर ५ वर्षसम्म इजरायल बस्न पाइने भएकाले खाडी तथा मलेसियाको तुलनामा उक्त मुलुकको रोजगारीमा अत्यधिक आकर्षण देखिएको छ ।

## प्रवासी मञ्च पोर्चुगलको अध्यक्षमा खत्री सर्वसम्मत



**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १२ असार

नेकपा एमाले निकट प्रवासी नेपाली मञ्च पोर्चुगलको छैटौं राष्ट्रिय अधिवेशनले नयाँ नेतृत्व चयन गरेको छ । सोमबार पोर्चुगलको राजधानी लिस्बनमा सम्पन्न भएको अधिवेशनले दीपक खत्रीको अध्यक्षतामा २५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । अधिवेशनले आगामी दुई वर्षे कार्यकालका लागि खत्रीको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । अधिवेशनले उपाध्यक्षमा सुमन शर्मा चौलागाईं, सचिवमा पृष्ठ २ मा

# नियन्त्रित प्रेस काउन्सिलको कल्पना

सरकारले पदाधिकारी नियुक्तिदेखि हटाउनेसम्मको अधिकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको नियन्त्रणमा राख्ने कानूनी व्यवस्थाको प्रस्ताव गरेपछि नागरिक समाज र सरोकारवालाहरुले विरोध गरेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ असार ।

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गरेको छ । समाचार र समाचारजन्य सामग्रीहरुको अध्ययन गर्ने र त्यसउपर निगरानी गर्ने निकाय प्रेस काउन्सिललाई सरकारले नाम फेरेर मिडिया काउन्सिल बनाउने प्रस्ताव गरेको छ । जो सरकार नियन्त्रित हुने परिकल्पना प्रस्तावित विधेयकमा छ ।

भ्रष्टाचारको मुद्दा दर्ता भएलगत्तै सार्वजनिक पदधारी व्यक्तिहरू स्वतः निलम्बनमा पर्छन् । भ्रष्टाचार निवारण ऐन २०५८ को दफा ३३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग २०४८ को दफा १७ मा सार्वजनिक पदमा रहेको व्यक्तिविरुद्ध मुद्दा दर्ता भए स्वतः निलम्बन पर्ने व्यवस्था छ ।

तर, यसरी काउन्सिलका पदाधिकारी निलम्बनमा परे स्वतः हट्ने र सरकारले नयाँ ल्याउने कानूनी व्यवस्था प्रस्तावित छ ।

कुनै पनि अभियोग पुष्टि नहुँदासम्म कसुर मानिंदैन । यसकारण निलम्बनमा परेको व्यक्तिको कार्यकाल नसकिंदासम्म वा मुद्दा किनारा नलागेसम्म सोही पदमा अर्को व्यक्ति नियुक्त हुन नसक्ने कानूनी व्यवस्था छ ।

यस्तो अभ्यास तोड्ने र नयाँ अभ्यास स्थापित गर्ने उद्देश्य राखेर सरकारले नियन्त्रित ' मिडिया काउन्सिल को कल्पना गरेको हो ।

मिडिया काउन्सिल सम्बन्धी विधेयकको दफा १५ मा 'विशेष व्यवस्था' प्रस्ताव गरेको छ । मिडिया काउन्सिलको अध्यक्षलाई भ्रष्टाचार मुद्दा लागे स्वतः निलम्बनमा पर्छन् । निलम्बनमा परेका मिडिया काउन्सिलका अध्यक्षले तीन महिनाभन्दा बढी काम गर्न नसक्ने भए अर्को अध्यक्ष नियुक्त गर्न सकिने व्यवस्था प्रस्तावित छ ।

मिडिया काउन्सिल सम्बन्धी विधेयकको दफा १५ मा अध्यक्षको नियुक्ति सम्बन्धी विशेष व्यवस्था छ । जहाँ भनिएको छ, पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१३ असार २०८१, बिहीबार
27 June 2024, Thursday

# संसदकै झल्को दिने गरी लुम्बिनीमा नमुना युवा प्रदेश सभा सञ्चालन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
बुटवल, १२ असार



लुम्बिनी प्रदेशमा प्रदेशस्तरीय नगर युवा प्रदेश सभा अभ्यास सम्पन्न भएको छ । जेठ ८ गतेदेखि शुरु भएको संसदीय अभ्यास कार्यक्रम बुधबार समापन भएको हो । चार दिनसम्म चलेको उक्त कार्यक्रम लुम्बिनी प्रदेशका सबै स्थानीय तहको गाउँ/नगर सभाबाट छनौट भएर आएका युवाको प्रतिनिधित्व गर्ने ४३ जना युवाहरुको मध्यबाट प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, उपसभामुख विभिन्न मन्त्रालयका मन्त्री सत्तापक्ष र प्रतिपक्षको भूमिकामा रहि प्रदेश सभा सञ्चालन गरेका थिए । उनीहरुले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम, बजेट र विभिन्न विद्येकलाई पास गर्दै लुम्बिनी प्रदेश सभाको डेमो प्रस्तुत समेत गरेका थिए ।

युवालाई देशको संविधान नियम कानून, संसदीय व्यवस्था अभ्यास र अनुशासन सिकाइ भविष्यमा असल नेतृत्व गर्न सक्षम जनशक्ति उत्पादन गर्नका लागि राष्ट्रिय युवा परिषद्को समन्वय र लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गत प्रदेश युवा परिषद्ले ४ दिने नमुना युवा प्रदेश सभा सञ्चालन गरेको हो ।

समापन कार्यक्रमलाई सम्बोधन गर्दै युवा परिषद्का उपाध्यक्ष गोविन्दबहादुर खत्रीले युवाहरुको क्षमता र योग्यता पहिचान गरी मेरो देश म बनाउँछु भन्ने उद्देश्यले समृद्ध राष्ट्र निर्माणमा अगाडि बढ्न अनुरोध गरे ।

कार्यक्रममा संवैधानिक पदमा रहेका लुम्बिनी प्रदेश सांसद तथा पूर्व संविधान सभा सदस्य, पूर्वमन्त्री इन्द्रजित थारुले लोकतान्त्रिक प्रणाली शासकीय स्वरुप र राज्य सञ्चालनको प्रक्रिया, सरकार निर्माण प्रक्रिया, बजेट निर्माण, प्रदेश सभामा कानून निर्माणको प्रक्रिया, सभामा पेस, छलफल र पारित, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच अन्तर सम्बन्ध लगायतका विषयमा सहजीकरण गरेका थिए ।

सहभागिहरुका अनुसार यस संसदीय अभ्यास कार्यक्रममार्फत राज्य, देशको संविधान, सरकारको प्रशासनिक तथा राजनीतिक र लोकतन्त्रीक प्रणालिहरुका बारेमा विस्तृत ज्ञान लिन पाएको बताएका छन् । यससँगै संसदीय अभ्यास गर्दै गर्दा आफुमा क्षमता अभिवृद्धि, भाषण कला, आत्मबल तथा राज्य र राजनीतिक ज्ञान-सीपको विकास भएको महसुस भएको बताए ।

युवाहरुलाई नमुना युवा प्रदेश सभा अभ्यासका विभिन्न सत्रमा सामाजिक विकास मन्त्रालयका कर्मचारी डम्बर खराल, प्रशिक्षक प्रकाश उपाध्याय, परिषद्का सदस्य रिया बस्नेत र सरोज खनाल लगायतले बोल्दै यस्ता कार्यक्रमहरुले संसदीय प्रणाली, लोकतान्त्रिक मूल्य, संविधानका अन्तरवस्तु, शासकीय प्रणाली, संघीयता र युवाका मुद्दा, सरकारले युवाको नेतृत्व विकासमा सहयोग पुग्ने बताए । यस्तै उनीहरुले लोकतान्त्रिक शासन प्रणाली सुशासन सम्बन्धी युवा सशक्तिकरणका लागि सैद्धान्तिक र व्यवहारिक अभ्यास स्वरुप नमुना युवा सासंद अभ्यासको अवधारण संघीय सरकारले ल्याएको बताउँदै प्रदेश र स्थानीय तहले पनि युवामैत्री नगरको अवधारणासहित यस्ता संसदीय अभ्यास कार्यक्रमहरुको सुरुवात गरेकोप्रति सरकारलाई धन्यवाद दिएका थिए । उनीहरुले युवामा उद्यमशीलता र नेतृत्व विकास गरी देशको नेतृत्व लिन सक्ने जनशक्ति उत्पादनमा कार्यक्रमले सहयोग पुग्नेमा जोड दिएका थिए ।

युवा परिषदको कार्यविधि अनुसार पहिलो चरणमा स्थानीय तहमा नगर/गाउँ सभाको अभ्यास गराइन्छ । नगर/गाउँसभाबाट छनौट भएका युवालाई दोस्रो चरणमा प्रदेश नमुना सभामा सहभागी गराइन्छ र प्रदेश युवा छनौट गरी संघमा पठाइने आयोजकले जनाएको छ । युवालाई व्यवस्थापिका कार्यपालिका र न्यायपालिकाको कार्य तथा अन्तरसम्बन्धको ज्ञान गराइ असल संस्कार र सुझबुझपूर्ण व्यवहार सिकाउनका लागि यस कार्यक्रम सञ्चालन गरिएको हो ।

# इस्मा गाउँपालिकाले प्राविधिक शिक्षा नि:शुल्क पढाउने



**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १२ असार

गुल्मीको इस्मा गाउँपालिकाले जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा विद्यार्थीलाई नि:शुल्क अध्यापन गराउने भएको छ । इस्मा गाउँपालिका वडा नम्बर ५ मा रहेको जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा अध्ययनरत सबै विद्यार्थीको शुल्क गाउँपालिकाले बेहोर्ने भएसँगै सबै विद्यार्थीले नि:शुल्क अध्ययन गर्न पाउने भएका छन् ।

गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा समेटेर सोही बमोजिम बजेट व्यवस्थापन गरी जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा अध्ययनरत सबै विद्यार्थीको शुल्क गाउँपालिकाले तिरिदिने इस्मा गाउँपालिका उपाध्यक्ष अधिवक्ता पार्वती कुँवरले जानकारी दिइन् । शिक्षालयमा तीन वर्षे सर्वेक्षक अध्ययन/अध्यापन हुने तर विद्यार्थीको खर्च बढी लाग्ने हुँदा प्राविधिक शिक्षा लिने इच्छा भएपनि बञ्चित हुनुपर्ने बाध्यता अन्त्यमा लागि आफूले आगामी आर्थिक वर्षका लागि नि:शुल्क प्राविधिक शिक्षाको व्यवस्था गरेको उपाध्यक्ष कुँवरले बताइन् । उनले यसरी नि:शुल्क प्राविधिक शिक्षाको व्यवस्था गरेपछि विद्यार्थीको आकर्षण बढ्ने र गाउँमै नि:शुल्क तथा गुणस्तरीय प्राविधिक शिक्षाको सुनिश्चितता हुने बताएकी छिन् ।

गाउँपालिकाका अध्यक्ष भगत सिंह खड्काले प्राविधिक शिक्षामा देखिएको धनी र गरिब बीचको विभेद अन्त्यमा लागि जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा लाग्ने सबै शुल्क गाउँपालिकाले तिर्ने निर्णय गरेको बताएका छन् ।

प्राविधिक शिक्षा महंगो भएकोले यसमा धनीको मात्र पहुँच छ, गरिबले पढ्न सक्दैनन् भन्ने बुझाइ रहँदै आएकोमा सबैको समान पहुँच, प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षक, नि:शुल्क प्राविधिक शिक्षा र गाउँमै गुणस्तरीय प्राविधिक शिक्षा लिन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्नका लागि आफूहरूले जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा पहिलोपटक नि:शुल्क शिक्षा प्रदान गर्ने गाउँपालिका अध्यक्ष भगत सिंह खड्काले बताए । हाल जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा तीन वर्षे सर्वेक्षक अध्ययन/अध्यापन हुँदै आएको छ । जसको लागि प्रति विद्यार्थी एक लाख बढी रुपैयाँ खर्च हुने गर्दथ्यो ।

# सही कर्म गरी जीवन सार्थक तुल्याउन आग्रह

**काठमाडौं/मस–** भारतकी प्रसिद्ध नारीरत्न राजेश्वरी मोदी (राजदिदी)ले जीवन र त्यससँग सम्बन्धित अध्यात्मिक पक्षका बारेमा उजागर गरेकी छन् । नारायण रेकी सत्सङ्ग परिवार मुम्बईको भ्रातृ संस्थाका रूपमा स्थापित नारायण रेकी सत्सङ्ग परिवार काठमाडौंको आयोजनामा भएको 'जिन्दगीभर सुखी रहने मन्त्र' विषयक कार्यक्रममा उनले मानिसले आफ्नो जिन्दगीमा उसले गरेको कर्मको फल भोग्ने हुँदा सही कर्म गर्नुपर्ने बताइन् । उनले भनिन्, 'हामी बबुलको रूख रोप्दैछौं र हामी आँप खान चाहन्छौं त्यो कदापि सम्भव छैन, आँप खानलाई आँपकै बिरुवा रोप्नु पर्दछ ।'



मोदीले अरूको अधिकार खोस्ने र अनैतिक सम्बन्ध राख्नाले स्वास्थ्य खराब हुने र घरमा दुःख, गरिबी र अशान्ति आउने बताइन् । उनले भनिन्, 'हाम्रो आधारभूत बल भनेको आमाबुबा, सासुससुरासँगको सम्बन्ध हो । आमा मायाको प्रतीक हो, तर बुबा सुपरहिरो हुनुहुन्छ । हरेक बुबाले आफ्ना सन्तानलाई राम्रो जीवन बिताउन सकोस् भनेर शतप्रतिशत दिनुहुन्छ, मार्गदर्शन गर्नुहुन्छ, सहयोग र प्रोत्साहन गर्नुहुन्छ ।'

उनले साक्षात् नारायणले आमाबाबुप्रतिको कृतज्ञता, माया, आदर र स्याहार व्यक्त गर्ने अवसर दिएको बताइन् । उनले भनिन्, 'हामीले सबै आमाबाबुलाई बिना सर्त आदर र हेरचाह गर्नुपर्छ ।' प्रवचनका क्रममा मोदीले शब्दमा ब्रह्मतत्वको शक्ति हुने र राम्रो कर्म गरेमा भगवानले 'हाम्रो असल चाहनालाई प्राप्त गर्नेतर्फ हामीलाई आकर्षित गराउन शक्तिको प्रवाह गर्ने' उल्लेख गरिन् ।

रेकीको वास्तविक अर्थ ब्रह्माण्डको ऊर्जासँग जोडिएको बताउँदै उनले मानव शरीर तथा मस्तिष्कमा सकारात्मक ऊर्जाको प्रवाहमार्फत सकारात्मकतातर्फ अग्रसर हुने कार्य यससँग सम्बन्धित रहेकाले यस विद्याको फाइदा उठाएर आफ्नो जीवन सहज बनाउन आग्रह गरिन् । सन् २०१५ मा भारतको मुम्बईमा स्थापित यस संस्थाको मूल मन्त्र 'सबै व्यक्ति तन, मन, धन र सम्बन्धबाट स्वस्थ रहून्', 'सबै घरमा सुख, शान्ति, समृद्धि होस्,' 'सबै व्यक्तिले उन्नति, प्रगति र सफलता प्राप्त गरोस्' भन्ने रहेको छ ।

रेकी विद्याको माध्यमबाट आफ्नो उद्देश्य प्राप्त गर्न स्थापित यस संस्थाले आफ्नो स्थापनाकालदेखि नै प्राकृतिक चिकित्सा अर्थात योग, ध्यान तथा चक्र साधनाको क्षेत्रमा कार्य गर्दै आएको छ । यस संस्थाको देश र विदेशमा गरी ७५ भन्दा बढी शाखामार्फत सकारात्मकता फैलाउँदै र तनाव र द्वेषरहित उत्कृष्ट जीवन जिउने अभिप्रेरणा दिँदै आएको छ ।

काठमाडौंस्थित नारायण रेकी सत्सङ्ग केन्द्रकी प्रमुख ऋचाजी केडियाले नारीरत्न राजेश्वरी मोदी (राजदिदी)ले सामाजिक सेवामा पुऱ्याउँदै आएको योगदानका बारेमा प्रकाश पारिन् । सत्सङ्ग कार्यक्रममा उद्योगी, व्यवसायी, कर्मचारीदेखि सर्वसाधारण गरी झण्डै सात सय जनाको सहभागिता रहेको थियो ।

### हदबन्दी...

अनुसार हदबन्दी भन्दा बढीको जग्गा रहेको जग्गा धनीले कुनै प्रकारले जग्गा बिक्री वितण गर्न पाउँदैन् । यसलाई खुलाउने गरी एक पटकका लागि शर्तसहित बिक्री गर्न दिन खोजिएको हो । हदबन्दी भन्दा बढी जग्गा दुई अवस्थामा रहेका छन् ।

सरकारले नै उपभोग गरिरहेको जग्गा उद्योग खोल्छु भनेपछि सोही प्रयोजनका लागि हदबन्दी छुट दिएको र उद्योगी/व्यावसायीले निश्चित प्रयोजनका लागि आफैंले हदबन्दी भन्दा बढीको जग्गा खरिद गरेको । यी दुई मध्ये आफैंले खरिद गरेको हकमा एक पटककालागि शर्त सहित बिक्री गर्न दिने गरी कानुनी व्यवस्था प्रस्ताव भएको हो । तर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस हदबन्दी छुटमा पाएको जग्गा अधिग्रहण गर्नुपर्ने पक्षमा उभिने भएको छ । २०२१ सालको भूमि ऐन अनुसार हदबन्दी छुटमा पाएको जग्गा कुन प्रयोजनमा छ त्यसको निर्क्योल गरेर फरक प्रयोजन भएको वा समयाअवधि आदि कारणले अधिग्रहण गर्नुपर्ने भए सोही अनुसार सरकार अगाडि बढ्नुपर्ने निष्कर्षमा कांग्रेसमा नेताहरु पुगेका छन् । २८ जेठ २०८१ मा प्रतिनिधि सभामा दर्ता भएको यो विधेयक छलफलको प्रक्रियामा अगाडि बढेको छ ।

मंगलबार बसेको प्रतिनिधि सभा बैठकले विधेयकमाथि बिचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको थियो । यो सँगै यो विधेयकमा संशोधनका लागि ७२ घण्टे समय सुरु भइसकेको छ । संशोधन प्रस्ताव राख्नु अगाडि कांग्रेसले एकीकृत धारणा बनाउन सामुहिक छलफल गरेको हो । सिंहदरवारस्थित संसदीय दलको कार्यालयमा भएको छलफलपछि सांसद आनन्दप्रसाद ढुंगानाले पूनारो ऐनले गरेको व्यवस्था बदलेर अहिले लाभ लिने वा कसैलाइ लाभ हुने गरी कानुन बनाउन नसकिने निचोडमा आफूहरु पुगेको बताए । हदबन्दी छुटमा पाएको जग्गा फरक प्रयोजनमा रहेको भए अधिग्रहण गर्नुपर्ने निर्क्योलमा आफूहरु पुगेको सुनाए ।

उनी भन्छन् '२०२१ सालको ऐनले हदबन्दी छुटमा पाएको जग्गा फरक प्रयोजनमा प्रयोग गर्न नपाउने भनेको छ । अहिले उक्त ऐनमा संसोधन गरेर बैंकमा धितो राख्ने, ऋण तिर्न नसके लिलाम हुने वा बिक्री/वितरण गर्न पाउने/सट्टापट्टा गर्ने विषय स्वीकार गर्न सकिन्न । त्यस्तो जग्गा सरकारले अधिग्रहण गर्नुपर्छ ।'

कांग्रेस सांसदहरुले झापाको गिरिवन्धु टिस्टेट र काभ्रेको पतञ्जी जग्गाको विषय उदाहरणका रुपमा प्रस्तुत गरेका छन् । गिरिवन्धु टिस्टेटमा नीतिगत भ्रष्टाचार भएको सर्वोच्च अदालतको ब्याख्या रहेको तर, सरकारले फेरि पनि गिरिवन्धु टिस्टेटलाई नै ख्याल गरेर विधेयक ल्याएको उनीहरुको भनाइ छ ।

काभ्रेमा पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीको नाममा हदबन्दी छुटमा किनिएको जग्गामा फरक प्रयोजनमा प्रयोग भएको विषय पनि आएको छ । पतञ्जलीको जग्गामा अनियमितता भएको भनेर नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अनुसन्धान थालेको अवस्थामा एकढिक्का भएर हदबन्दी छुटमा पाएको जग्गा सरकारले अधिग्रहण गर्नुपर्ने पक्षमा उभिने निचोडमा पुगेको कांग्रेस नेताहरु बताउँछन् ।

काभ्रेको बनेपामा पतञ्जली योगपीठलाई आयुर्वेद फर्म चलाउन सरकारले ८१५ रोपनी जग्गा खरदिमा हदबन्दी छुट दिएको थियो । तर पछि पतञ्जलीले त्यहीमध्येको ३५३ रोपनी जग्गा बिक्री गरेको छ । हदबन्दी छुटमा जग्गा खरिद गरेको जग्गा तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्न पाइने र बिक्री गर्न नपाइने व्यवस्था छ ।

### लुम्बिनीमा...

खतराको सूचीमा राख्ने तयारी गरेको बताइएको छ । यूनेस्को विश्व सम्पदा समिति बैठकका ४४ औं सेसनमा भएको छलफल अनुसार सन् २०२२ को मार्चमा सम्पन्न ज्वाइन्ट रियाक्टिङ मोनिटरिङ मिसनले लुम्बिनी क्षेत्रको स्थलगत अध्ययन भ्रमण गरेको थियो ।

मायादेवी मन्दिरको संरचनालाई नै समस्याको रूपमा व्याख्या गरेको तथा हतारमा बनाइएको उक्त मन्दिरका लागि अप्रेसनल गाइड लाइनको प्याराग्राफ १७२ अनुसार युनेस्कोलाई जानकारी नगराई निर्माण गरिएको उल्लेख गर्दै सो संरचनाका बारेमा पुनर्विचार हुनुपर्ने अध्ययन भ्रमणको प्रतिवेदनमा उल्लेख छ । बुद्धको जन्मस्थल एवं विश्व सम्पदास्थल संरक्षण तथा व्यवस्थापनका लागि सरकारले लुम्बिनी विकास कोष ऐन तर्जुमा एवं कार्यान्वयन गरी एउटा अलग्गै निकाय लुम्बिनी विकास कोषमार्फत् व्यवस्थापन गर्ने र पुरातत्व विभागले नियमन गर्ने कार्य गर्दै आइरहेको भए तापनि कोषले विभागलाई अटेर गरेर मनोमानी संरचना निर्माण जारी राखेको कारण खतराको सूचीमा राखिने सम्भावना बढेको स्रोतको भनाइ छ ।

लुम्बिनी विकास कोषबाट विश्व सम्पदा क्षेत्रभित्र, शाक्य पुष्करिणी मायादेवी मन्दिरनिरको पोखरीको दक्षिण पश्चिममा ध्यान क्षेत्र निर्माण जारी राखेको, अशोक स्तम्भको पश्चिमतर्फ तीर्थयात्रीहरूले बत्ती बाल्ने व्यवस्था साविकमा रहेको र उक्त बत्ती तथा बत्ती बाल्ने क्रियाकलापले सम्पदामा असर पारेको विषयमा पटकपटक छलफल भई स्थानान्तरणको लागि सिफारिस भएकोमा दियोबत्ती बाल्ने घर निर्माण गरी सञ्चालनमा ल्याएको प्रतिवेदनमा उल्लेख छ ।

विश्व सम्पदा क्षेत्रको ठीक बाहिर पूर्वतर्फ रहेका बौद्ध विहारहरूले अनधिकृत रूपमा आफ्नो क्षेत्र विस्तार गर्ने, पर्खाल लगाई घेराबार लगाउने, अनधिकृत संरचनाहरूको निर्माण कार्य जारी राख्ने, हालसालै मायादेवी मन्दिरभित्र एक नयाँ प्रस्तरको बुद्धमूर्ति राखेको कारण पनि लुम्बिनी क्षेत्र खतराको सूचीमा पर्नसक्ने खतरा बढेको छ । कोषले मनोमानी रूपमा संरचना निर्माण जारी राखेपछि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सहसचिव सुरेशसुरश श्रेष्ठको संयोजकत्वमा समिति गठन गरेको थियो । सो समितिले सुझावसहितको प्रतिवेदन पेस गरेको थियो ।

### प्रकोपमा...

गाउँपालिका-४ बस्ने २९ वर्षीय रिता कठरिया, २३ वर्षीय सुस्मा डगौरा, भजनी नगरपालिका घर भएका ५५ वर्षीय रामबहादुर चौधरी, घोडाघोडी बस्ने ९ वर्षीय सरस्वती भुल र ७ वर्षीय पारु कठायत छन् । घोडाघोडी-९ घर भएकी १० वर्षीय खिमा काठायत पनि घाइते भएकी छन् ।

मोरङको रंगेली नगरपालिका वडा नम्बर-४ मा घाडी खोलाले बगाएर एक जनाको मृत्यु भएको छ । ४५ वर्षीय नागेन मण्डलको मृत्यु भएको मोरङका एसपी नवराज कार्कीले बताए । मंगलबार बुढी खोलाले बगाएको दुई जनाको अवस्था अझै अज्ञात छ ।

अविरल वर्षासँगै आएको बाढी विराटनगर महानगरपालिका-६ स्थित बस्तीमा पसेको छ । बाढीका कारण करिब ५ सय परिवार विस्थापित भएका छन् । विराटनगर-१२ मा ६० वटा घर डुबेका छन् । कास्कीको मादी गाउँपालिकामा पहिरोमा परेर दुई जना बालबालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा मादी गाउँपालिका घर हुने १३ वर्षीय आयुश्मा रानाभाट र पोखरा महानगरका २३ वर्षीय अनमोल सुनार छन् । पहिरोका कारण दुई जना घाइते भएका छन् । त्यस्तै, पोखरा महानगरपालिका-१४, चाउथेमा पर्ने सडकखण्ड भासिएको छ । पृथ्वी राजमार्ग अन्तर्गतको सो सडक एकतर्फी खुला गरिएको छ । चितवनको माडीस्थित मगै खोलाले बगाएर एक जनालाई बेपत्ता बनाएको छ । माडी नगरपालिका-५ बस्ने ४५ वर्षीय रणबहादुर कामी बेपत्ता भएको चितवनका एसपी भावेश रिमालले बताए । ओखलढुंगाको चिसंखुगढी गाउँपालिका-५ थुम्कीमा पहिरो जाँदा ३५ वर्षीय देव कुमारी खत्रीको मृत्यु भएको छ । ओखलढुंगामा पहिरोका कारण दुई जना घाइते भएका छन् ।

कपिलवस्तुमा चट्याङका कारण दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा यशोधरा गाउँपालिका-८ घर भएका २२ वर्षीय महेश कलवार र बुद्धभूमि नगरपालिका घर भएका १८ वर्षीय राजु ठाकुर छन् । नवलपरासी पूर्वमा पनि चट्याङ परेर एक जना घाइते भएका छन् । दैलेखस्थित भैरवी गाउँपालिकामा चट्याङ लागेर ५५ वर्षीय धीरबहादुर शाही र २६ वर्षीय कुसुम शाही घाइते भएका छन् ।

### प्रवासी...

मिलन रेग्मी तथा उपसचिवमा प्रकाश तामाङ र मञ्जु अधिकारीलाई चयन गरेको छ । यस्तै सदस्यमा यज्ञ प्रसाद डुम्रे, पुरन घर्ती, नविन कुमार थापा, राजेन्द्र प्रसाद डुम्रे, राजन कार्की, सुनिल बन्जरा, संगीता शर्मा सिलवाल, हेमन्त के.सी., शिव सागर बुढाथोकी, कमल बस्नेत, सुमन सिलवाल, चित्र प्रसाद सुवेदी, सुरज बिष्ट, गणेश थापा, काजीमान श्रेष्ठ, पुष्कर पन्थी, हेमराज सुबेदी, भक्त सिंह, माया खरेल र याम बहादुर पुर्कोटी सर्वसम्मत चयन भएका छन् । मञ्चका अध्यक्ष राजाराम लामिछानेको अध्यक्षता तथा प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीका अध्यक्ष सञ्जय थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय कमिटीका सचिव हेम शेर्पा, केन्द्रीय सदस्य गोविन्द पौडेल, प्रवासी नेपाली मञ्च स्पेनका अध्यक्ष केदार ढुंगाना, मञ्चका केन्द्रीय विद्यार्थी विभाग सचिव रोबोट लिम्बू, एनआरएनए आईसीसी सदस्य राजकुमार थापा, एनआरएनए पोर्चुगलका अध्यक्ष्य उमेश खड्कालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

### नियन्त्रित...

'यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम भ्रष्टाचारको मुद्दा दर्ता भएको कारण अध्यक्ष निलम्बनमा रही तीन महिनाभन्दा बढी अवधिको लागि कार्यसम्पादन गर्न नसक्ने भएमा नेपाल सरकारले दफा ६ को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा बाँकी अवधिको लागि अर्को अध्यक्ष नियुक्ति गर्न सक्नेछ ।' दफा ६ को उपदफा (२) मा काउन्सिलको अध्यक्ष नियुक्तिको सिफारिस गर्न सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा तीन सदस्यीय समिति गठन हुने व्यवस्था छ । उक्त समितिमा मन्त्रालयकै सहसचिव र अर्का एक जना नेपाल सरकारले तोकेको व्यक्ति रहन्छन् ।

अर्थात काउन्सिलको अध्यक्षविरुद्ध भ्रष्टाचारको मुद्दा अदालतमा दर्ता भएर निलम्बनमा परेको अवस्थामा सरकारले सिफारिस समितिको सुझाव लिएर काउन्सिलमा नयाँ अध्यक्ष नियुक्त गर्न सक्नेछ । अर्थात मिडिया काउन्सिल विधेयकले काउन्सिलको अध्यक्षविरुद्ध भ्रष्टाचारको मुद्दा दर्ता भएको खण्डमा पद नै जाने परिकल्पना गरेको छ ।

यसमा तीन महिनाको समयावधि राखिएको छ । तर, निलम्बनमा परेका मिडिया काउन्सिलका अध्यक्षले तीन महिनाभन्दा बढी काम गर्न नसक्ने अवस्थाको आँकलन कसरी हुन्छ वा मापन गरिन्छ भन्ने विषयमा प्रस्तावित विधेयकको विशेष व्यवस्था मौन छ ।

गर्भनरमा एकै समयमा दुई जना व्यक्ति रहन पुगेको नेपालकै नजीर छ ।

२५ असार २०६४ मा तत्कालीन गर्भनर विजयनाथ भट्टराईविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता भएपछि निलम्बनमा परे । भट्टराई निलम्बनमा रहेकै बेला दिपेन्द्रबहादुर क्षेत्रीलाई गभर्नर नियुक्त गरिएको थियो ।

तत्कालीन गर्भनर भट्टराईविरुद्ध रञ्जनकृष्ण अर्यालले भ्रष्टाचार मुद्दा दायर गरेका थिए । भट्टराईविरुद्धको मुद्दामा विशेष अदालतका न्यायाधीशहरूको राय बाझिएपछि सर्वोच्च अदालत पठाइएको थियो । सर्वोच्च अदालतले भट्टराईले भ्रष्टाचार नगरेको फैसला गरिदियो ।

भ्रष्टाचारको अभियोगमा परेको मुद्दा किनारा लाग्न करिब दुई वर्ष लाग्यो र त्यतिन्जेल भट्टराई निलम्बनमा रहे । सर्वोच्च अदालतबाट सफाइ पाएपछि भट्टराई गर्भनरमा पुनर्बहाली भए । भट्टराईलाई पुनर्बहाली गर्ने सरकारको निर्णयपछि क्षेत्री गर्भनरबाट हटे । गर्भनरबाट हट्नुपरेपछि क्षेत्री सर्वोच्च अदालत गरेका थिए । क्षेत्रीको रीट खारेज गर्दै सर्वोच्च अदालतका तत्कालीन न्यायाधीशद्धय बलराम केसी र मोहनप्रकाश सिटौलाको संयुक्त इजलासले पुनर्बहालीको हकका लागि सम्बन्धित कानूनको सेवा शर्त सम्बन्धी व्यवस्थामा अदालतबाट सफाइ पाए पुनः पदमा बहाल गरिने र निलम्बन अवधिको तलब भत्ता लगायतका सेवा सुविधा दिने प्रावधान हुनुपर्ने फैसला गरेको छ । ५ मंसिर २०६६ सालमा भएको फैसला (निर्णय नम्बर ८३१७) मा सेवा शर्त सम्बन्धी कानूनमा स्पष्ट व्यवस्था भएकोमा बाहेक भ्रष्टाचार मुद्दामा सफाइ पाएता पनि पुनर्स्थापना हुन नसक्ने उल्लेख छ ।

यस फैसला समेतका आधारमा मिडिया काउन्सिलको अध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता भएको अवस्थामा तीन महिनाभन्दा बढी समय काम गर्न नपाउने भए पद नै जाने परिकल्पना सहितको कानूनी व्यवस्था प्रस्ताव गरिएको हो । सरकारले पदाधिकारी नियुक्तिदेखि हटाउने सम्मको अधिकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको नियन्त्रणमा राख्ने कानुनी व्यवस्थाको प्रस्ताव गरेपछि नागरिक समाज र सरोकारवालाहरुले विरोध गरेका छन् ।


## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशन मिति : २०८१/०३/१३ गते**

श्री पाटनदेवी सामुदायिक वन उपभोक्ता समूह, दुधौली न.पा.-१, सिन्धुलीको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड २३ थानको ४७२.२५ क्यूफिट, बी ग्रेड २६ थानको ३४३.६२ क्यूफिट, सी ग्रेड २५ थानको १८१.६२ क्यूफिट गरि कूल ७४ थानको ९९७.४९ क्यूफिट र दाउरा १.५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक सुचिकृत समिलले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री पाटनदेवी सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, दुधौली न.पा.-१, सिन्धुली, हर्षाही सब डिभिजन वन कार्यालय, सिन्धुलीको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री पाटनदेवी सामुदायिक वन उपभोक्ता समूह**
**दुधौली न.पा.-१, सिन्धुली**



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०१/२२ मा दर्ता भएको **प्रा.लि.नं. २९०४५९** को **एल.एम.सी. सपोर्ट सर्भिस प्रा.लि.** को मिति २०८१/०२/२५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः गोपाल दत्त पाण्डेय, इजाजत पत्र नं. ४१०**
**ठेगानाः अनामनगर, काठमाडौं, फोन नं. ९८६००६०३१७**



## UAE मा रोजगार | कम्पनी : Falcor Engineering & Contracting Services LLC

शहर : Dubai

पूर्व स्वीकृत मितिः २०८१/०३/१२ | चलानी नं.: ६०२२१६१४ | LT. No.: 306875

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician Assistant | 5 | 0 | | 1000 | ३६,२६० | | | | | | | |
| 3. | Riggers | 10 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |
| 4. | Scaffolder | 15 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |
| 5. | Welder | 10 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असार २० गते (4 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), बिर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLEET-X COMPANY FOR DELIVERING CONSUMER ORDERS | शहर: Kuwait

पूर्व स्वीकृत मितिः२०८१/०३/१२ | चलानी नं.: ६०२२१६१५ | L.T. No.: 306860

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver/car Driver/ Private Car Driver | 19 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५८,६४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २० गते (4 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि)
टोखा १०, अल नेपाल हस्पिटल नजिक नमस्ते मासु पसलको छेउ
Govt. Lic. No. 1156/073/074 | फोनः ०१४९६३४०३, ०१४९५७६८३, ९८१८६५८०९८, ९८०१८९४४३३



## OMAN मा रोजगार | कम्पनी : NESTO HYPERMARKET LLC

पूर्व स्वीकृत मितिः २०८१/०३/०४ | चलानी नं.: ६०२२१४१३ | L.T. No.: 306701

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Women Clothes Salesman | 0 | 2 | स. काममा दक्ष | 130 | ४५,१८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २० गते (4 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२

# मधेश प्रदेशको विकास र समृद्धिको मुख्य आधार पर्यटन : मुख्यमन्त्री सिंह

**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, १२ असार



मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंहले पर्यटन क्षेत्रको विकास गर्न सके मधेश प्रदेशको कायापलट हुने बताएका छन् । त्यसका लागि प्रदेश सरकारले निजी क्षेत्रसँगको सहकार्यमा काम पनि थालिसकेको उनले बताए ।

वीरगञ्जमा बुधबार प्रदेशको उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयले आयोजना गरेको सरकोकारवालासँग अन्तरक्रिया एवम् संवाद कार्यक्रममा मुख्यमन्त्री सिंहले भने, 'मधेश प्रदेशको विकास र समृद्धिको मुख्य आधार पर्यटन पनि हो। यदि पर्यटन क्षेत्रको विकास गर्न सकियो भने यो प्रदेशको कायापलट गर्न सकिन्छ। यसका लागि निजी क्षेत्रलाई पनि सँगै लिएर प्रदेश सरकारले काम पनि थालिसकेको छ ।'

प्रदेश सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा पर्यटकीय क्षेत्रका पूर्वाधार विकास र प्रचार प्रसारका लागि योजना र कार्यक्रमहरु समावेश गरिसकिएको उनले जानकारी गराए । मधेश प्रदेशमा पर्सा र बारा, रौतहट र सर्लाही, महोत्तरी र धनुषा तथा सिरहा र सप्तरीका पर्यटकीय स्थललाई जोडेर चार वटा पर्यटकीय सर्किट बनाउने काम भइरहेको उनले बताए । मधेश प्रदेशमा घुम्न आउने पर्यटकहरुलाई कम्तीमा पनि तीन दिन बास बसाउन सक्ने गरी पर्यटन क्षेत्रमा प्रदेश सरकारले काम गरिरहेको उनले बताए ।

मुख्यमन्त्री सिंहले भने, 'अहिलेको सरकार पहिलेको सरकारको जस्तो मोजमस्ती गर्नका लागि बनेको होइन। रातदिन काम गर्नका लागि बनेको हो। मधेश सरकारमाथि विगत ७ वर्षदेखि परेको नकारात्मक धारणालाई मेट्ने गरी अहिलेको सरकारले काम गरिरहेको छ ।'

कार्यक्रममा प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री युवराज भट्टराई (समीर)ले विक्रम संवत २०८२ लाई मधेश प्रदेश सरकारले 'भिजिट मधेश' वर्षका रुपमा मनाउने घोषणा गरे । 'भिजिट मधेश'को नारा 'घुमौं मधेश, बुझौं मधेश' रहेको उनले जानकारी गराए। उनले भने, 'यसका लागि प्रदेश सरकारले अहिलेदेखि नै तयारी थालिलसकेको छ ।'

प्रदेश सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा प्रदेशको पर्यटन क्षेत्रको विकासका लागि थुप्रै योजनाहरु समेटिएको पनि उनले जानकारी दिए । मधेश प्रदेशका ६५ वटा पर्यटकीय गन्तव्यको पहिचान गरी त्यहाँ पूर्वाधार विकासका लागि डिपिआर बनाउन बजेटको व्यवस्थापन गरिसकिएको उनले बताए । मधेश प्रदेशको मुख्य पर्यटकीय गन्तव्यस्थल पर्साको ठोरीमा पर्यटन पूर्वाधार विकासका लागि पनि बजेट विनियोजन गरिएको उनले बताए ।

कार्यक्रममा होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका मोहन शर्माले मधेशमा पर्यटन क्षेत्रको विकासका लागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र पर्यटन बोर्डबीच सहकार्यको आवश्यकता रहेको औंल्याए । उनले मधेशमा रहेका ऐतिहासिक सम्पदा र पर्यटकीय स्थलहरुको उपयोग गर्न नसकिएको टिप्पणी गरे ।

उनले मधेश प्रदेशको पर्सा राष्ट्रिय निकुञ्ज र बागमती प्रदेशको चितवन राष्ट्रिय निकुञ्जलाई जोडेर थप अर्को पर्यटकीय सर्किट बनाउन सके मधेशमा पर्यटकको संख्या बढाउन सकिने धारणा राखे। उनले बाराको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण नभएसम्म मधेश प्रदेशमा बाह्य पर्यटकको संख्या बढाउन नसकिने पनि तर्क गरे ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव राजीव पोखेलले मधेश प्रदेशमा पर्यटन, धार्मिक र ऐतिहासिक पर्यटकीय गन्तव्यहरु प्रशस्त भएकाले यहाँ पर्यटनको प्रचुर सम्भावना रहेको बताए। उनले सबै मिलेर पर्यटन क्षेत्रको विकास गर्न सके छिमेकी मुलुक भारतबाट मात्रै वर्षमा ५० लाख पर्यटक भित्र्याउन सकिने बताए ।

मन्त्री भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशका पूर्वपर्यटन राज्यमन्त्री रहबर अन्सारी, प्रदेश सभा सदस्यहरु जनार्दन सिंह क्षेत्री र श्याम पटेल, मधेश विश्वविद्यालयका उपकुलपति डाक्टर दीपक शाक्य, भारतीय महावाणिज्यदूतावास वीरगञ्जका महावाणिज्यदूत देवी सहाय मीना, भिजिट मधेशका अभियन्ता ओमप्रकाश सर्राफ, मन्त्रालयका उपसचिव सुशील साहका साथै पर्सा, बारा र रौतहट जिल्लाका विभिन्न पालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, सशस्त्र प्रहरी उपरीक्षक, पर्यटन विकास कार्यालयका प्रमुख, होटल तथा पर्यटन व्यवसायी, सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो ।

# बागमती नदी नियन्त्रणमा सरकारले ध्यान नदिएको गुनासो



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १२ असार

रौतहटमा बाढी पहिरो आउने बागमती नदी नियन्त्रणमा संघ र प्रदेश सरकारले ध्यान नदिएको गुनासो बढ्ने गरेको छ ।

मनसुन शुरु भइसकेको तर नदी कटानलाई नियन्त्रण गर्न कुनै ठोस कदम नचालिएको भन्दै यहाँका स्थानीयहरुले गुनासो गरेका हुन् ।

नदी नियन्त्रण गर्न सम्बन्धित मन्त्रालयलाई पटक-पटक लिखितसहित मौखिक रुपमा आग्रह गरेपनि कसैले चासो दिएका छैनन् । राजदेवी नगरपालिकाको आयोजनमा नगर कार्यपालिकाको कार्यालयमा बसेको विपद व्यवस्थापन समितिको बैठकमा नगर प्रमुख भिखारी प्रसाद यादवले वर्षेनी बागमती नदीले गरिरहेको कटानलाई नियन्त्रणको लागि ठोस रुपमा कार्य गर्नुपर्ने बताए । उनले यसका लागि स्थानीय सरकारले मात्रै काम गर्न नसक्ने बताए ।

प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, जिल्ला विपद व्यवस्था समितिका प्रमुख समेतलाई नदीको अवस्थालाई अवलोकन गराइएको तर कुनै निकास पहल नदेखाएको उनले बताए। पछिलो वर्ष नदीमा बाढीको पानीको सतह कम रहेकोले क्षति कम भएको थियो, तर पानीको सतह बढी भयो भने जिल्लाको राजदेवी नगरपालिका, दुर्गा भगवती गाउँपालिका, गौर नगरपालिका, यमुनामाई गाउँपालिका लगायतका क्षेत्रमा प्रत्यक्ष असर पर्नेछ ।

बैठकमा नदी कटान नियन्त्रणलाई नगर प्रमुख यादवले नगरपालिकाबाट हुने अस्थायी व्यवस्था जस्तै बालुवा,बोरा, सानो बोलडर, रस्सी जाली, बास भऱ्याङ जस्ता सामाग्रीहरु व्यवस्था मिलाएर राख्ने बताएका छन्। बाढी आएको बेला आम नागरिकलाई बचाउन र सहयोगको लागि विपद व्यवस्थापन समिति, सूचना प्रविधि शाखा, स्वास्थ्य शाखा,कृषि शाखा, यो जना शाखा, सशस्त्र प्रहरी बल, जनपद प्रहरी, नगर प्रहरी, रेडक्रस सोसाइटी, सञ्चारकर्मी लगायतलाई आफ्नो पूर्व तयारी गरी राख्न प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले बताए ।

# सर्लाहीमा अनुदानको मलमा कालोबजारी

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १२ असार

सर्लाहीमा अनुदानको मलमा कालोबजारी बढेको छ । स्थानीय तहले अनुगमन नगर्दा कालोबजारी बढेको हो । अहिले वर्षायाममा किसानले उखु बालीमा युरिया मल छर्ने बेला भएकोले मलको अभाव बताउँदै डिलरवालाहरुले मनपरी स्थानीय तहले तोकेको रेटभन्दा बढी रुपैयाँ उपभोक्ता किसानहरुबाट असुल्ने गरेका छन्।

सर्लाहीको बरहथवा नगरपालिकाले युरिया प्रतिबोरा ११ सयमा बिक्रीवितरण गर्ने भनि रेट तोकेको छ । त्यस्तै बसबरिया गाउँपालिकाले प्रतिबोरा १ हजार ५० रुपैयाँ रेट तोकेको छ, तर, यहाँस्थित डिलरवालाहरुले मनपरी युरिया प्रतिबोरा १२ सय रुपैयाँको दरले बिक्री वितरण गरेको पाइएको छ । त्यसैगरी मल बिक्री वितरण गर्ने अनुमतिसमेत नपाएको पसलेले पनि मल ल्याएर बढी मूल्यमा बिक्री गरेको भेटिएको छ ।

स्थानीय तहले तोकेको मूल्य भन्दा बढीमा किन मल बेच्नुहुन्छ ?, भनेर प्रश्न गर्दा जवाफमा डिलरवालाहरु भन्छन्, 'मेरो डिलर साल्ट ट्रेडिङ कम्पनी लिमिटेडको हो कृषि सामग्री कम्पनी लिमिटेडको मल मैले बाहिरबाट मगाएको छु। त्यसैले बढी रेटमा बेचेको छु ।'

बरहथवा नगरपालिकाका नगर उपप्रमुख रामबाबु प्रसाद साह र बसबरिया गाउँपालिका अध्यक्ष रामसिंहासन रायले स्थानीय तहले निर्धारण गरेको रेटभन्दा बढीमा किनेको मलको विल लिएर आउँदा त्यस्ता डिलरलाई कारबाही गर्ने बताएका छन्। तर, डिलरवालाहरुले बढी रेटमा बेचेको मलको विल किसानलाई नदिने गरेको किसानहरु बताउँछन्। सर्लाहीका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारीले त्यस्तालाई स्थानीय तहले अनुगमन गर्नुपर्ने बताउँदै यसमा पनि ध्यान दिने बताए ।

# यारी भन्सार कार्यालयबाट राजस्व संकलनमा समस्या

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १२ असार



चीनको पुराङ काउन्ट्रिरी बजारबाट नेपालमा आयत हुने सामानको राजस्व उडाउन समस्या भएको छ । हुम्लाको यारी नाका भान्सार कार्यालयमा चीनका बजारबाट आयत हुने सामानको राजस्व उडाउन नेपाल प्रहरी र सशत्र प्रहरीका कारण राजस्व संकलन गर्न समस्या भएको यारी भान्सार कार्यालय हुम्लाले जनाएको छ ।

चीनको पुराङ काउन्ट्रिरीबाट आउने सामान नेपाल प्रहरी र सशस्त्र प्रहरीले गेटमै सामानको बोरा खोलेर सामान गन्ती गर्न थालेपछि भन्सारलाई राजस्व उडाउन समस्या भएको हो ।

चीनबाट प्रति व्यक्ति एक बोरा सामान मात्र ल्याउन दिइन्छ। नेपालमा ल्याउँदा नेपाल प्रहरी र सशस्त्रको ज्याजतीले राजस्व तिर्ने व्यापारीले राजस्व नतिरेर जाने र प्रहरी र सशस्त्रले आफैँले राजस्व संकलन गर्न लाग्दा यो समस्या देखिएको व्यापारीहरुको गुनासो छ।

प्रहरी र सशस्त्र प्रहरीको काम भनेको चीनबाट आयत हुने सामानमा कुनै अवैध सामान छ कि भनेर चेकजाँच गर्नुपर्ने हो, तर कति सामान ल्याउनु भो ?, भन्दै व्यापारीको सामान खोलेर एक/एक गरी खोली सामान गन्ति गर्न थालेपछि व्यापारीलाई दुःख हुने, फेरि सामान प्याक गर्नुपर्ने र दुःख दिन थालेपछि व्यापारीले राजस्व नतिरेर आउने गरेको यारी भान्सार कार्यालयको दाबी छ। चीन र नेपाल बीचमा कर्णाली नदी छ। कर्णाली नदी वारी नेपाल पर्दछ, भने वारी नै भान्सार कार्यालय छ । भन्सार कार्यालय नपुग्दै बीचमा प्रहरी र सशस्त्रले भन्सार उठाउन खोज्दा भन्सार उठाउन भन्सार कर्मचारीलाई समस्या भएको देखिन्छ ।

हिल्साबाट सदरमुकाम सिमकोट सामान जाने सडकमा भन्सार काटेको छ ?, या छैन नेपाल प्रहरी र सशस्त्रले हेर्नुपर्ने भएपनि त्यो सडकमा भने कुनै प्रहरी र सशस्त्र देखिँदैनन् । चीनबाट आयात हुने गेटमा मात्र नेपाल प्रहरी र सशस्त्र प्रहरी देखिन्छन्, तर जुन ठाउँमा राजस्व संकलन भएर सम्बन्धित ठाउँमा गए/नगएको र विल हेर्ने काममा कुनै वास्ता नगरेको देखिन्छ। सामान ल्याउने व्यक्तिले राजस्व कार्यालयमा गएर कर्मचारीले राजस्व काट्नु पर्ने भएपनि प्रहरी र सशस्त्र प्रहरीले गेटमै दुःख दिँदा सामान खोलेर गन्दा धेरै झन्झट हुने र व्यापारी र प्रहरीबीच विवाद हुँदा सामान ल्याउने व्यक्तिले राजस्व तिर्न नमाने देखिन्छ ।

व्यापारीहरु भन्छन्, 'प्रहरी र सशस्त्रको काम के हो बुज्नु पर्ने हो ?,राजस्व भन्सार कार्यालयले उठाउनुपर्ने हो, तर भन्सार कार्यालय नभए जस्तो प्रहरी र सशस्त्र प्रहरीले राजश्व उठाएका छन्।' यता भन्सार कार्यालयका कर्मचारीहरु भने सामान गन्ती गर्ने काम आफुहरुको भएको बताउँछन् । कर्मचारीहरु भन्छन्, 'सामान गन्ती गर्ने काम हाम्रो हो, हामी आफैं गन्ती गर्छौं भन्दा प्रहरी र सशस्त्रले मान्दैनन्।' उक्त भन्सार कार्यालयबाट वैशाखयता करिब ५ लाख भन्दा बढी राजस्व संकलन भएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF PALLETS FACTORY — शहर : Doha
पूर्व स्वीकृत मितिः २०८१/०३/१२ — चलानी नं.: ६०२२१६१२ — LT. No.: 306841

